**आकाशवाणी समाचार- नेपाली**
**मितिः २५ जूलाई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- विदेश मंत्री सुब्रह्मण्यम जयशंकरले एक आधुनिक, पारदर्शी र अंतरराष्ट्रीय स्तरमा अनुकूल कानूनी माहोल बनाउनको लागि भारतको अटूट प्रतिबद्धतामाथि जोड दिनुभयो।

- वित्त एवं कॉर्पोरेट मामलाहरुका मंत्री निर्मला सीतारमणले भन्नुभएको छ कि आयकर विभागको भूमिका कर संग्रहबाट विकसित भएर एक निष्पक्ष, कुशल, पारदर्शी अनि करदाता-केंद्रित गरेर प्रशासनको निर्माण तर्फ अग्रसर छ ।

- राष्ट्रपति द्रौपदी मुर्मुलाइई रोमानियाको बुखारेस्ट यूनिवर्सिटी अफ इकोनमिक स्टडीजले डक्टरेटको मानद उपाधिले सम्मानित गरेको छ।

- भारत अनि इस्राएलले प्रस्तावित मुक्त व्यापार समझौताको लागि वार्ताको दोस्रो चरण सफलतापूर्वक संपन्न गरेको छ ।

- भारत र जिम्बाब्वेबीच तीन म्याचको श्रृंखलाको दोस्रो ट्वेंटी-ट्वेंटी म्याच आज हरारेमा खेलीनेछ।
- भारतका स्क्वाश खेलाडी अनाहत सिंहले इतिहास रचेका छन् ।

**जयशंकर-सम्मेलन**

विदेश मंत्री सुब्रह्मण्यम जयशंकरले एक आधुनिक, पारदर्शी र अंतरराष्ट्रीय स्तरमा अनुकूल कानूनी माहोल बनाउनको लागि भारतको अटूट प्रतिबद्धतामाथि जोड दिनुभयो।नयाँ दिल्लीमा अंतरराष्ट्रीय व्यापार कानूनमा संयुक्त राष्ट्र आयोगको 60औं वर्षगांठको अवसरमा आयोजित अंतरराष्ट्रीय सम्मेलनको उद्घाटन सत्रलाई संबोधित गर्नुहुँदै, ड. जयशंकरले भन्नुभयो-आयोगले समावेशिता, आम सहमति र विविध कानूनी परम्पराहरुको सम्मानको सिद्धान्तलाई यथावत राख्दै नयाँ वास्तविकता अनुसार आफुलाई समाहित गर्ने क्षमता लगातार दिखाएको छ।उहाँले भन्नुभयो-लगातार सदस्यता राख्ने आठ देशहरू मध्ये एक भएको नातामा, भारतले कैयौं क्षेत्रहरूमा अंतरराष्ट्रीय व्यापार कानूनको विकासमा सक्रिय रूपले योगदान दिएको छ। ड. जयशंकरले तकनीकी बदला, डिजिटल कमर्स, परिवर्तित सप्लाई चेन र निवेशको नयाँ तरीकाहरूमा भइरहेको ठूलो वैश्विक परिवर्तनमा पनि जोड दिनुभयो।यसको असर सीमा पार सामान, सेवाहरू, पूंजी र डेटाको आयातनिर्यातमा असर पर्छ।

**वित्त - आयकर**

वित्त एवं कॉर्पोरेट मामलाहरुका मंत्री निर्मला सीतारमणले भन्नुभएको छ कि आयकर विभागको भूमिका कर संग्रहबाट विकसित भएर एक निष्पक्ष, कुशल, पारदर्शी अनि करदाता-केंद्रित गरेर प्रशासनको निर्माण तर्फ अग्रसर छ ।
उहाले नयाँ दिल्लीमा केंद्रीय प्रत्यक्ष कर बोर्ड-सीबीडीटी द्वारा आयोजित 167औ आयकर दिवस समारोहलाई संबोधित गर्दै हुनुहुन्थ्यो । वित्त मंत्रीले आयकर अधिनियम, 2025 को कार्यान्वयनलाई एक ऐतिहासिक सुधार बताउदै भन्नुभयो – यसले कानूनलाई सरल बनाईएको छ , अनुपालन लागतलाई कम्ती गरिएको छ अनि व्यापार गर्न अझ सुगम बनेको छ । उहाले भन्नुभयो - ईमानदार करदाताहरुलाई सुविधा प्राप्त हुनुपर्नेछ , वास्तविक त्रुटिहरुलाई सुधारने अवसर प्राप्त हुनुपर्नेछ अनि एउटा यस्तो कर प्रशासनसित संवाद गर्ने अवसर प्राप्त हुनुपर्नेछ जसले विनम्रतासित आफ्नो अधिकारको प्रयोग गर्दछन् । यस अवसरमा वित्त मंत्रीले आयकर विभागको छ प्रमुख प्रकाशनहरुको विमोचन गर्नुभयो जसले ज्ञान साझा गर्ने , क्षमता निर्माण, पारदर्शिता अनि

करदाता-केंद्रित शासन प्रति विभागको निरंतर प्रतिबद्धतालाई दर्शाउद छ।

## रोमानिया के राष्ट्रपति

राष्ट्रपति द्रौपदी मुर्मुलाईई रोमानियाको बुखारेस्ट यूनिवर्सिटी अफ इकोनमिक स्टडीजले डक्टरेटको मानद उपाधिले सम्मानित गरेको छ।यो सम्मान उहाँलाई विशिष्ट सार्वजनिक सेवा, शिक्षा र सामाजिक समावेशप्रति प्रतिबद्धता र भारत-रोमानिया सम्बन्धलाई मजबूत गर्नमा उहाँको योगदानको लागि दिएको हो। राष्ट्रपति मुर्मुले सम्मान स्वीकार गर्नुहुँदै यसलाई भारतको जनतालाई समर्पित गर्नुभयो।उहाँले भन्नुभयो-यो सम्मानले दुवै देशहरूबीचको अटूट मित्रतालाई दर्शाउँदछ।राष्ट्रपतिले छात्रहरूसित ज्ञान र मूल्यहरूको उपयोग संस्कृतिहरूबीच सेतु बनाउने र अधिक शांतिपूर्ण साथै समृद्ध विश्वमा योगदान दिनको लागि आग्रह गर्नुभयो।

## प्रधानमंत्री - वीडियो - युवा प्रतिक्रिया

प्रधानमंत्री नरेंद्र मोदीले आफ्नो वीडियोमा प्राप्त भएको प्रतिक्रिया अनि सुझावहरुका लागि देशका युवाहरुलाई धन्यवाद दिनुभएको छ । सोशल मीडिया पोस्टमा श्री मोदीले युवाहरुको व्यापक समर्थनको लागि आभार व्यक्त गर्नुभएको छ ।

वीडियोलाई अहिलेसम्म **30 करोड़ 30 लाख भन्दा** अधिक हेरिसकिएको छ। यो आफ्नो पहिलो 24 घन्टामा सबैभन्दा अधिक हेरिएको वीडियो हो।

## भारत-इस्राएल मुक्त व्यापार समझौता वार्ता

भारत अनि इस्राएलले प्रस्तावित मुक्त व्यापार समझौताको लागि वार्ताको दोस्रो चरण सफलतापूर्वक संपन्न गरेको छ। गत 20 तारिख देखि 23 जुलाई सम्म नयाँ दिल्लीमा चार दिनसम्म चलेको वार्ताको अवधि दुवै पक्षले प्रस्तावित समझौताहरुको सबै पक्षहरु माथि विस्तृत चर्चा गरे अनि एक संतुलित, व्यापक तथा पारस्परिक रूपले लाभकारी समझौताको दिशामा प्रगति जारी राखे। यस अवधि दुवै पक्षका तकनीकी विशेषज्ञहरुले वस्तु अनि सेवाहरुको व्यापार, उत्पत्तिको नियमहरु , स्वच्छता अनि पादप उपायहरु , व्यापारमा तकनीकी बाधाहरु , बौद्धिक संपदा अधिकारहरु , सीमा शुल्क प्रक्रियाहरु अनि व्यापार सुगमता, आर्थिक सहयोग तथा प्रस्तावित समझौताका अन्य अध्यायहरु माथि विशेष सत्र आयोजित गरे।वाणिज्य अनि उद्योग मंत्रालयले चर्चा रचनात्मक अनि दूरदर्शी रहेको बताएको छ। यसमा दुवै पक्षले मतभेदहरुको समाधान गर्ने अनि सहमतिको क्षेत्रहरु चिन्हित गर्ने उद्देश्यले विस्तृत तकनीकीबारे विचार-विमर्श गरे। दुवै पक्षले एक संतुलित, व्यापक अनि पारस्परिक रूपले लाभकारी समझौता चाडै संपन्न गर्ने दिशामा काम गर्ने प्रतिबद्धतालाई पनि दोहोर्याएका छन्। यसले द्विपक्षीय व्यापार, निवेश अनि आर्थिक सम्बन्ध अझ अधिक बलियो हुनेछ।

## भारत-तंजानिया

भारत अनि तंजानियाले व्यापार, निवेश, विकास साझेदारी, रक्षा र सुरक्षा, डिजिटल सार्वजनिक अवसंरचना, कृषि, स्वास्थ्य, संस्कृति तथा मानिसहरूबीच आपसी संपर्कसहित विभिन्न क्षेत्रहरूमा द्विपक्षीय सम्बन्धबारेमा समीक्षा गरेका छन्।दुवै देशहरूबीच विदेश कार्यालय परामर्श बैठक यसै महिनाको 22 तारीक तंजानियाको **दार-एस-सलाम** मा भएको थियो। बैठकमा क्षेत्रीय र अंतरराष्ट्रीय मुद्दाहरूमाथि पनि विचार-विमर्श भएको थियो।दुवै पक्षले संयुक्त राष्ट्र र अन्य बहुपक्षीय मंचहरूमा आपसी सहयोगको सराहना गरे।बैठकको सह-अध्यक्षता भारतको विदेश मंत्रालयका संयुक्त **सचिव जनेश कैन** र तंजानियाको विदेश मंत्रालयका एशिया र अस्ट्रेलिया विभाग निदेशक **फेलिस्टर रूगाम्बवा** ले गर्नुभएको थियो।

## सरकार - सीजेपी बातचीत

सरकारले आज परीक्षा प्रणालीमा सुधार अनि पेपर लीक रोक्ने उपायहरुसित सम्बन्धित मांगहरुलाई लिएर कॉकरोच जनता पार्टी-सीजेपी का प्रतिनिधिमंडलसित अर्को चरणको बातचीत गर्नेछ।यस भन्दा पुर्व हिज पनि नयाँ दिल्लीमा केंद्रीय मंत्री जेपी नड्डा अनि डॉ. जितेंद्र सिंहले सीजेपी प्रतिनिधिमंडलसित बैठक गरे। त्येस पछि श्री नड्डाले भन्नुभयो कि बैठकमा परीक्षा प्रणालीमा सुधारबारे सीजेपी को मांगहरुलाई ध्यानपूर्वक सुनिएको छ। श्री नड्डाले भन्नुभयो - सीजेपी ले तीन प्रमुख मांगहरु

राखेका छन् अनि  परीक्षा पेपर लीक रोक्न केही सुधारहरुको सुझाव पनि दिएका छन् ।

## भारतीय चालक दल-सुरक्षित

तेहरान स्थित भारतीय दूतावासले पुष्टि गरेको छ कि मोज़ाम्बिकको झन्डा भएको एलपीजी टैंकर **दिशा** माथि ईरानी जलक्षेत्रमा भएको हमला पछि  जहाजमा सवार सबै 28 भारतीय चालक दलका सदस्य सुरक्षित छन् ।एक आधिकारिक बयानमा दूतावासले एलपीजी टैंकरसित सबन्धित घटनाको  पुष्टि गर्दै भनेको छ कि चालक दलको सुरक्षा सुनिश्चित गर्नको लागि भारत स्थानीय अधिकारिहरुसित सक्रिय संपर्कमा छ ।

## क्रिकेट

भारत र जिम्बाब्वेबीच तीन म्याचको श्रृंखलाको दोस्रो ट्वेंटी-ट्वेंटी म्याच आज हरारेमा खेलीनेछ।यो म्याच भारतीय समयानुसार साँझ साढ़े चार बजीदेखि शुरू हुनेछ।पहिलो म्याच सात विकेटले जितेर भारतले श्रृंखलामा एक-शून्यको बढ़त बनाएको छ।पहिलो स्पर्धामा 15 वर्षीय वैभव सूर्यवंशीले केवल 19 बलमा अर्धशतक लगाएर पुरुष टी-20 अंतरराष्ट्रीय क्रिकेटमा सबैभन्दा कम उमेरमा अर्धशतक बनाउने नया रिकर्ड बनाएका छन्।

## विश्व जूनियर स्क्वाश चैंपियनशिप

भारतका स्क्वाश खेलाडी अनाहत सिंहले इतिहास रचेका छन् । उनले  कनाडाका ओंटारियोमा विश्व जूनियर स्क्वाश चैंपियनशिपको  महिला सिंगल्स फाइनलमा आफ्नो स्थान पक्का गरेका छन् ।सेमीफाइनलमा अनाहतले मिस्रका बार्ब सामेहलाई 3-1 ले पराजित गरे । यसको साथै उनि यस प्रतिष्ठित जूनियर टूर्नामेंटको फाइनलमा पुग्ने पहिलो भारतीय खेलाडी बनेका छन् ।

फाइनलमा अनाहतको भिडन्त मिस्रका रुकय्या सलेमसित हुनेछ । म्याच  भारतीय समयानुसार आज अपरान्ह एक बजे खेलिने छ ।